बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुद्धी, कपिलवस्तु
५ नं. प्रदेश

पत्र संख्या.:०७६।७७
चलानी नं.:

मिति:२०७६।०८।२९

## पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०७६।०८।३०

बुद्धभूमि नगरपालिकाको रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजक सेवा करारमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले तपसिल बमोजिमको आवश्यक कागजात र परीक्षा दस्तुर बापत बुद्धभूमि नगरपालिकाको संचितकोष खाता (४४००५५९९७६०००११) मा रू. १०००।- जम्मा गरेको सक्कल भौचर समेत संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्न हुन सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराइन्छ। विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी, वेभसाइट www.buddhabhumimun.gov.np बाट जानकारी लिन सकिने छ।

- **पद :** अधिकृत
- **पद संख्या**: १ (एक)
- **तह :** छैठौं
- **किसिम**: खुल्ला
- **सेवा अवधि :** नियुक्ति भएको मितिबाट १ बर्ष
- **न्यूनतम योग्यता**:

  क) नेपाल सरकराबाट मान्यता प्राप्त शिक्षणा संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

  ख) उम्मेदवारको उमेर दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,

  ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

  घ) कम्प्यूटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सीप भएको प्रमाण पत्र पेश गर्नु पर्नेछ।

  १. देवनागरी र अंग्रेजीमा दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने।

  २. Computer, Printer, Scanner, Multimedia लगायत उपकरणहरूको प्रयोग गर्न सक्ने सीप भएको

  ३. Computer सम्बन्धी Computer fundamental, Operating System, Word processing Electronic spreadsheet, Database management system, Presentation system को प्रयोग गर्न सक्ने क्षमता भएको।

  ४. इमेल इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको।

  ५. व्यवस्थापन सूचना प्रणाली (MIS) सम्बन्धी आधारभूत ज्ञान भएको।

- **संक्षिप्त सूची प्रकाशन**: दरखास्त दिने उम्मेदवारहरू मध्ये संक्षिप्त सूची प्रकाशित सूचनामा उल्लिखत उम्मेदवारहरूको मात्र लिखित, कम्प्यूटर तथा अन्तरवार्तामा समावेश गरिनेछ।
- **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**:

  १) नागरिकता प्रमाणपत्र (दुवैपट्टि देखिने)

  २) पासपोर्ट साइजको फोटो (हालसालै खिचेको)

  ३) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र

  ४) न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लब्धांक पत्र (उपलब्ध भएमा)

  ५) कम्तीमा दुई बर्ष काम गरेको अनुभवको प्रमाण पत्र (उपलब्ध भएमा)

- **सेवा र सुविधा**:

  रोजगार संयोजकको छनौट प्रकृया, तलब भत्ता तथा अन्यसेवा र सुबिधा सम्बन्धी व्यवस्था नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत